नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An undertaking of Govt. of Nepal)

पत्र संख्या :
Ref No.

## प्रेस विज्ञप्ति

नेप्सेले मिति २०७५/०९/१७ देखि बैंकिङ प्रणालीसँग एकिकृत गरी अनलाइन कारोबार प्रणाली सञ्चालनमा ल्याएको सन्दर्भमा सेवाग्राहीहरुले ध्यान दिनुपर्ने बुँदाहरु यस अघि नै सार्वजनिक गरिएको छ । तीमध्ये केही बुँदाहरुलाई थप स्पष्ट गर्न लगानीकर्ताहरुबाट आग्रह भएकाले यो विज्ञप्ति जारी भएको छ ।

**एक हितग्राही खातासँग एउटा मात्रै कारोबार खाता आवद्ध गर्ने ।**

नेपाल धितोपत्र बोर्डको निर्देशन अनुसार लगानीकर्ताले बढीमा दुई वटा निक्षेप (हितग्राही) खाता मात्र खोल्न सक्छन । यस अवस्थामा एउटा हितग्राही खातालाई सदस्य दलालसँग कारोबारका लागि खोलिएको एउटा कारोबार खातासँग आवद्ध गर्न आग्रह गरिएको हो । यसको अर्थ एउटा हितग्राही खातालाई धेरै कारोबार खातासँग आवद्ध नगरौं भन्ने हो । कारोबारको द्रुत गति, लगानीकर्ताको पहिचान तथा जोखिम व्यवस्थापनलाई सुनिश्चित गर्ने उद्देश्यले यो व्यवस्था गरिएको हो ।

**राफासाफ बैंकमा खाता खोल्ने ।**

तोकिएको राफसाफ बैंकमार्फत कारोबारअघि तथा पछिको रकमान्तर मिलाउने व्यवस्था अन्तर्राष्ट्रिय अभ्यास हो । अन्य किसिमका खातामा रकमको विद्युतीय हस्तान्तरणका लागि नेपाल राष्ट्र बैंकबाट सीमा निर्धारण भएको छ भने धितोपत्र कारोबारमा यस्तो सीमा लागु हुदैन । त्यसैले तोकिएका राफसाफ बैंकमा धितोपत्र कारोबार प्रयोजनका लागि बैंक खाता खोली प्रयोगमा ल्याउँदा लगानीकर्ता लगायत सम्वद्ध पक्षलाई सुविधा हुने हामीले अपेक्षा गरेका छौं । भविष्यमा रकमको विद्युतीय हस्तान्तरण गर्न सक्ने सबै बैंकबाट धितोपत्र कारोबारको राफसाफ हुने गरी व्यवस्था गर्न लागिएको जानकारी गराउँछौं ।

**'कारोबार सदस्य-ग्राहक सम्झौता' गर्ने ।**

अनलाइन कारोबार प्रणालीमा पहुँचका लागि लगानीकर्ताले ब्रोकरसँग अनिवार्य रुपमा सम्झौता गर्नैपर्छ । यो सम्झौता लगानीकर्ता र ब्रोकरको कारोबारको वित्तीय सुरक्षा सुनिश्चित गर्ने गरी तयार गरिएको छ । यस्तो सम्झौता गरेर लगानीकर्तालाई युजरनेम तथा पासवर्ड उपलब्ध गराउन सबै सदस्य दलाललाई नेप्सेले निर्देशन दिइसकेको छ । सदस्य दलालको मुख्य कार्यालय र शाखा कार्यालयहरुमा गई यस्तो सम्झौता गर्न सकिन्छ ।

P. O. Box 1550, UNI Santi Marga, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
email : info@nepalstock.com

**ब्रोकरबाट कारोबार सीमा लिने ।**

लगानीकर्ताले आफ्नो लगानी योजना अनुसार ब्रोकरकोमा रकम जम्मा गरेपछि लगानीकर्ता र ब्रोकर बिचमा भएको सम्झौतामा तोकीएको अनुपातमा कारोबार गर्न पाउँछन् । कारोबार भइसकेपछि रकम थप्नु पर्ने भए थप्ने र फिर्ता लिनुपर्ने भए फिर्ता लिने गर्न सकिन्छ । यस्तो कारोबारको सीमा समग्र बजारको जोखिम व्यवस्थापनका लागि गरिएको व्यवस्था हो । कारोबार सीमामा गरिएको यस्तो व्यवस्थालाई बजारको अवस्था अनुसार हेरफेर गर्न सकिने अन्तर्राष्ट्रिय अभ्यास हो र प्रचलित नियमले पनि यही मार्ग निर्देशन गरेको छ ।

**धितोमा रहेको वा रोक्का धितोपत्र बिक्री नगर्ने ।**

नेप्सेले हितग्राही खातामा रहेको Free Balance मात्र प्रयोग गर्न लगानीकर्तालाई आह्वान गरेको छ । कारोबारपछिको राफसाफ तथा फछ्यौँटमा कुनै समस्या नआओस भन्ने हेतुले जोखिम व्यवस्थापनकै एक अंगका रुपमा यो व्यवस्थालाई कार्यान्वयनमा ल्याइएको हो । तसर्थ लगानीकर्ताले धितो राखेको वा रोक्का रहेको धितोपत्र बिक्री गर्न हुदैन ।

**कारोबार गर्न अनलाइन ट्रेडिङ अनिवार्य हो ?**

होइन । साबिकमा झैं ब्रोकर अफिसबाट कारोबार गर्न सकिन्छ । अनलाईन सिस्टम दोस्रो बजार कारोबारमा लगानीकर्तालाई सहजता होस भन्ने उद्देश्यले ल्याइएको थप सुविधा हो । लगानीकर्तालाई साबिकमा झैं कारोबार गर्ने वा अनलाईन सुविधा लिएर कारोबार गर्ने भन्ने छनोट उपलब्ध छ ।

मुराहरि पराजुली
२०७५/०९/१७



P. O. Box 1550, UNI Santi Marga, Bhadrakali, Kathmandu, Nepal.
Tel.: 4250755, 4250756, 4250757, 4250758, 4250759, 4250734, 4250735 Fax: 4262538
email : info@nepalstock.com